# फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेडको
# सोर्‍हौं वार्षिक साधारण सभाको
# काम कारवाहीको विवरण तथा निर्णयहरु (माईन्यूट)

## १. बैधानिक सभा:

यस लघुवित्त वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०८२ पौष ७ गते सोमवार बसेको २४६औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ र यस लघु वित्त वित्तीय संस्थाको नियमावली बमोजिम बोलाइएको सोर्‍हौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री राजा अर्यालज्यूको अध्यक्षतामा निम्न लिखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल र निर्णय भई देहाय बमोजिम सोर्‍हौं वार्षिक साधारण सभा सम्पन्न भयो ।

## २. सभाको मिति, स्थान र समय:

मिति: २०८२ पौष ३० गते बुधवार (तदनुसार जनवरी १४, २०२६)
स्थान: शुभम् रिसेप्सन, कालोपुल, काठमाण्डौ ।
समय: बिहान ११:०० बजे प्रारम्भ भई ११:३० बजे सम्पन्न ।

## ३. सभाको सूचना:

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रावधान अनुसार सोर्‍हौं वार्षिक साधारण सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयहरु सहितको विवरण खुलाई सभामा शेयरधनीहरुको उपस्थितिको लागि मिति २०८२/०९/०८ गते राष्ट्रियस्तरको आर्थिक राष्ट्रिय दैनिक र मिति २०८२/०९/१० गतेको आर्थिक अभियान दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरिएको थियो । साथै, कम्पनी ऐन २०६३ को दफा ८४ बमोजिमको शेयरधनीहरुलाई पठाउनु पर्ने संक्षिप्त आर्थिक विवरण शेयरधनी महानुभावहरुको जानकारीका लागि राष्ट्रियस्तरको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८२/०९/०८ र आर्थिक अभियान दैनिकमा २०८२/०९/१० गते प्रकाशन गर्नुको साथै यस लघुवित्त वित्तीय संस्थाको *website: www.fmdb.com.np* तथा यस संस्थाको शेयर रजिष्ट्रार ग्लोवल आईएमई क्यापिटलबाट प्राप्त गर्न सकिने व्यवस्था गरिएको थियो ।

## ४. सभामा उपस्थिति:

### (क) सञ्चालकहरुको उपस्थिति

| | |
|---|---|
| १. श्री राजा अर्याल (प्रतिनिधि: ग्लोबल आइएमई बैंक लि.) | अध्यक्ष |
| २. श्री चन्दन कार्की (प्रतिनिधि: कुमारी बैंक लि.) | सञ्चालक |
| ३. श्री सञ्जय थपलिया (प्रतिनिधि: आईसिएफसी फाइनान्स लि. ) | सञ्चालक |
| ४. श्री युवराज क्षेत्री | सञ्चालक |
| ५. श्री खेम प्रसाद खतिवडा | सञ्चालक |

(ख) पर्यवेक्षक, आमन्त्रित एवं पदाधिकारी :

१. श्री मन्दीप लुईटेल — प्रमुख कार्यकारी अधिकृत, शेयर रजिष्ट्रार, ग्लोबल आइएमई क्यापिटल लि.
२. श्री करन बहादुर वि.क. — क.अ. कम्पनी रजिष्टार कार्यालय
३. श्री गोमा राना — प्रतिनिधि, शेयर रजिष्ट्रार, ग्लोबल आइएमई क्यापिटल लि.
४. श्री मिरा खड्का — प्रतिनिधि, शेयर रजिष्ट्रार, ग्लोबल आइएमई क्यापिटल लि.
५. श्री अनु थापा — प्रतिनिधि, शेयर रजिष्ट्रार, ग्लोबल आइएमई क्यापिटल लि.

(ग) व्यवस्थापनका पदाधिकारी

१. श्री नुमनाथ पौडेल — प्रमुख कार्यकारी अधिकृत
२. श्री दानराज पन्त — नायव प्रमुख कार्यकारी अधिकृत
३. श्री बाबुराम न्यौपाने — कर्जा/जनशक्ति विभाग प्रमुख
४. श्री बिजय शर्मा — वित्त विभाग प्रमुख/कम्पनी सचिव
५. श्री ज्ञानेन्द्र वाग्ले — लघुवित्त कर्जा/सञ्चालन विभाग प्रमुख
६. श्री दिना डंगोल — आन्तरिक लेखापरीक्षण/अनुपालना विभाग प्रमुख
७. श्री शैलजा वावा अमात्य — कर्जा प्रशासन विभाग प्रमुख
८. श्री सदिक्षा रिजाल — सामान्य सेवा विभाग प्रमुख

(घ) शेयरधनीको उपस्थिति तथा गणपुरक संख्या:

| कुल शेयर संख्या | साधारण सभामा प्रतिनिधित्व भएको शेयर संख्या | उपस्थित शेयरधनी | | जम्मा उपस्थित शेयरधनी तथा शेयरधनीका प्रतिनिधी | शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| | | स्वयंम | प्रतिनिधी मार्फत | | |
| १,३४,४८,७१३.२३ | ७०,०१,४१०.६० | ७९ | २३ | १०२ | ५२.०६% |

## ५ सभामा प्रस्तुत छलफलका विषयहरु:

### क) सामान्य प्रस्ताव

१) आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण (वासलात) तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८१/८२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने ।

३) सञ्चालक समितिवाट प्रस्ताव गरिएको यस संस्थाको चुक्ता पूँजीको ६.५० प्रतिशतले हुने नगद लाभांश (लाभांशमा लाग्ने कर सहित) रु. ८,७४,१६,६३६ (अक्षेरेपि आठ करोड चौहत्तर लाख सोह्र हजार छ सय छत्तिस मात्र) पारित गर्ने ।

४) कम्पनीको आर्थिक वर्ष २०८२/८३ को लेखापरीक्षण कार्यका लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

५) सर्वसाधारण शेयरधनी (समुह 'ख') को तर्फवाट १ जना सञ्चालकको निर्वाचन गर्ने ।

### ख) विविध

६) सञ्चालकको नियुक्ती अनुमोदन गर्ने सम्वन्धमा ।

## ६. सभाको बैधानिकता र सभाको अध्यक्षता:

६.१ कम्पनी ऐन, २०६३ तथा लघुवित्त वित्तीय संस्थाको नियमावली बमोजिम बार्षिक साधारण सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनी स्वयं उपस्थित हुनु पर्ने प्रावधान बमोजिम लघु वित्त वित्तीय संस्थाको सोर्ह्रौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा स्वयं तथा प्रतिनिधी मार्फत हाजिरी जनाउने शेयरधनीहरुको संख्या १०२ भएको र कुल ७०,०१,४१० कित्ता शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयर संख्याको ५२.०६ प्रतिशत प्रतिनिधित्व भई साधारण सभाको गणपूरक संख्या पुगेको । साथै, प्रचलित कम्पनी कानुन अनुसार सभा बैधानिक भएकोले रितपुर्वक साधारण सभाको कारवाही अघि बढाउन सकिने व्यहोरा कम्पनी सचिवले जानकारी गराउनु भयो ।

६.२ लघुवित्त वित्तीय संस्थाको नियमावलीमा भएको प्रावधान बमोजिम यस सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूले गर्ने सम्वन्धमा कम्पनी सचिवले जानकारी गराएपछि विहान ११:०५ बजे सञ्चालक समितिका अध्यक्ष श्री राजा अर्यालको अध्यक्षतामा तथा सम्पूर्ण सञ्चालकज्यूहरुको उपस्थितिमा लघु वित्त वित्तीय संस्थाको सोर्ह्रौं वार्षिक साधारण सभा सुरु भयो ।



First Microfinance

## ७. वार्षिक साधारण सभाको प्रस्तुति:

७.१ कम्पनी सचिवज्यूले सभा सञ्चालन गर्नु पुर्व सोन्हौं वार्षिक साधारण सभामा उपस्थित सञ्चालक समितिका पदाधिकारी, शेयरधनी महानुभावहरु, शेयरधनीका प्रतिनिधीहरु, आमन्त्रित अतिथि तथा कर्मचारीहरुलाई लघु वित्त वित्तीय संस्थाको तर्फबाट अभिवादन गर्नुभयो ।

७.२ कम्पनी सचिवज्यूले साधारण सभाको अध्यक्षता गरिदिनको लागि सञ्चालक समितिका अध्यक्ष श्री राजा अर्यालज्यूलाई अनुरोध गरेपश्चात श्री राजा अर्यालज्यूले साधारण सभाको अध्यक्षता गर्नुभयो ।

७.३ कम्पनी सचिवज्यूले अन्य सञ्चालकज्यू, प्रमुख कार्यकारी अधिकृतज्यूलाई मञ्चमा आसन ग्रहणको लागी अनुरोध गर्नुभयो र संस्थाका कर्मचारीहरुवाट अध्यक्षज्यू, सञ्चालकज्यू तथा मञ्चमा आसित सबैलाई खादा तथा ब्याच वितरण गर्न अनुरोध गरे बमोजिम खादा तथा ब्याच लगाउने कार्य सम्पन्न भयो ।

७.४ प्रमुख कार्यकारी अधिकृतज्यूले सोन्हौं वार्षिक साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरुलाई लघु वित्त वित्तीय संस्थाको तर्फबाट शेयरधनीहरुलाई स्वागत गर्नुका साथै शुभकामना मन्तब्य व्यक्त गर्नुभयो ।

७.५ अध्यक्षज्यूले पूर्व निर्धारित छलफलको विषय सूची अनुसारसञ्चालक समितिको तर्फवाट शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै आर्थिक वर्ष २०८१/८२ को सोन्हौं बार्षिक प्रतिवेदनमा संलग्न रहेको सञ्चालक समितिको प्रतिवेदनलाई संक्षिप्त रुपमा पढेर सुनाउनु भयो ।

७.६ अध्यक्षज्यूको मन्तब्य प्रस्तुत भएपछि सञ्चालक समितिको सोन्हौं बार्षिक प्रतिवेदन लगायतका प्रस्तावहरु उपर छलफल गरि पारित गर्नका लागि आ-आफ्नो विचार, जिज्ञाशा, मन्तब्य, सुझाव तथा प्रश्न राख्न तथा छलफल गर्न ईच्छुक शेयरधनी महानुभावहरुलाई सभाका अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले आह्वान गर्नुभयो ।

## ८. छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरुको अभिब्यक्ति:

सभामा शेयरधनी महानुभावहरुबाट लघुवित्त वित्तीय संस्थाको सञ्चालक समितिको बार्षिक प्रतिवेदन, लेखा विवरण, छलफल बिषयहरुमा निम्नानुसार लिखित रुपमा आफ्नो जिज्ञासा, मन्तब्य तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

८.१ शेयरधनी श्री उत्तम दत्त पाण्डेले सोन्हौं बार्षिक साधारण सभामा उपस्थित सबैमा अभिवादन ब्यक्त गर्नुभयो । आज पौष मसान्तको दिन अन्य धेरै ठाँउमा साधारण सभा रहेकोले छोटो मन्तब्य पेश गरेको ब्यहोरा जानकारी दिनुभयो । प्रस्तावित ६.५ प्रतिशत नगद लाभांशको लागि सञ्चालक समिति तथा ब्यवस्थापनलाई धन्यवाद दिनुभयो । यस संस्थाको निष्कृय कर्जा ऐतिहासिक रुपमा बढेर ३.८४ प्रतिशत पुगेको तथा प्रतिशेयर आम्दानी घटेको सन्दर्भमा चिन्ता प्रकट गर्नुभयो ।

८.२ शेयरधनी श्री जगन्नाथ आर्चायले संस्थाले समीक्षा आर्थिक बर्ष २०८१/८२ को मुनाफाबाट शेयरधनीहरुलाई ६.५ प्रतिशत नगद लाभांश प्रस्ताव गरेकोमा खुशी मान्न नसकेपनि सन्तोष मान्नै पर्ने भएको र उक्त प्रस्ताव बोनश शेयर भएको भए अझ राम्रो हुने जानकारी दिनुभयो । बार्षिक वित्तीय विवरण अध्ययन गर्दा संचालन आम्दानी घट्न गएको कारणले नाफामा गिरावट आएको र प्रतिशेयर आम्दानी घटेको ब्यहोरा जानकारी गराउनुभयो । मुलुकमा ब्यापार ब्यवसाय वन्द, राजनीतिक अस्थिरता, ध्वंसात्मक आन्दोलनवाट ठुलो क्षती हुनसक्ने भएकोले चल/अचल सम्पत्तीको विमा गर्नुपर्ने र कर्जा असुलीमा खटिने कर्मचारीलाई विषेश तथा पुर्ण सुविधा दिन पर्ने देखिएको, संस्थागत सामाजिक उत्तरदायित्वमा भएको खर्चको नियमित अनुगमन गर्नुपर्ने साथै, आगामी आर्थिक बर्षमा लगानीकर्तालाई आर्कषित गर्ने खालको लाभांश प्रस्ताव गर्न र समयमा नै साधारण सभा गर्न सुझाव दिनुभयो ।

८.३ शेयरधनी श्री ब्रहमदेव शाक्यले सर्वप्रथम साधारण सभा पौष मसान्तमानै गर्नुभएकोमा आभार प्रकट गर्नुभयो । संस्थाको संस्थागत सुशासन ठीक रहेको संस्थाले प्रदान गरेको ६.५ प्रतिशत नगद लाभांश समयअनुकुल रहेको व्यहोरा प्रकट गर्नुभयो । ऋण मिनाहा हुने हल्लाले गर्दा लघुवित्त वित्तीय संस्थाहरुले कर्जा बृद्धि गर्न नसकेकोमा चिन्ता ब्यक्त गर्नुभयो । नवनिर्वाचित सञ्चालकज्यूले यस संस्था तथा सर्वसाधारण शेयरधनीहरुको हितमा काम गर्न तथा सफल कार्यकालको शुभकामना प्रकट गर्नुभयो ।

८.४ शेयरधनी श्री सुदिप श्रेष्ठले संस्थाले प्रदान गरेको लाभांश अघिल्लो बर्षको तुलनामा कम भएपनि ६.५ प्रतिशत नगद लाभांशको प्रदान गर्नु सुखद शूरुवात भएकोले त्यसको लागि धन्यवाद प्रदान गर्नुभयो । विगत केहि आर्थिक बर्ष अगाडी संस्थाको निष्कृय "कर्जा शुन्य" प्रतिशतवाट हाल ३.८४ प्रतिशत हुन पुगेकोमा त्यसको समयमानै व्यवस्थापन गरि कम गर्न सुझाव दिनुभयो र अन्य प्रस्तावहरुमा मेरो पुर्ण सर्मथन रहेको व्यहोरा प्रकट गर्दै संस्थाको सफलताको कामना गर्नुभयो ।

८.५ शेयरधनी श्री नर सिंह लाल चखु: ले संस्थाले प्रस्तुत गरेको बार्षिक प्रतिवेदन तथा वित्तीय विवरणहरुको अध्ययन गर्दा सवै बिषयहरु स्पष्ट नै रहेको साथै संस्थाले प्रस्ताव गरेको कुल ६.५० प्रतिशत नगद लाभांशको लागि सञ्चालक समिति तथा व्यवस्थापनलाई आभारी रहेको व्यहोरा जानकारी दिनुभयो । संस्थाको सामाजिक उत्तरदायित्वका क्रियाकलापहरुलाई बढाउनहुन, आम्दानीको श्रोत पहिचान गरि आम्दानीको क्षेत्र विस्तार गर्न संस्थाको व्यवस्थापन सक्षम रहेको विश्वास प्रकट गर्नुभयो । संस्थाले बजार जोखिम, कर्जा जोखिम तथा अन्य जोखिमको व्यवस्थापन गरि अगाडि बढ्न सञ्चालक समिति तथा व्यवस्थापन समितिलाई सुझाव दिनुभयो ।

८.६ शेयरधनी श्री उद्धव घिमिरेले फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्थाको विगत आर्थिक बर्षहरुको लाभांश ईतिहास राम्रो रहेको र यसपटक पनि ६.५ प्रतिशत नगद लाभांश दिनु स्वागतयोग्य रहेको बताउनु भयो । संस्था ठुलो हुदै गएको सन्दर्भमा आफ्नै भवन हुनु उपयुक्त हुने हुनाले भवन खरिदको लागि सुझाव दिनुभयो । संस्थाले साधारण सभामा गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने हो भने संस्थाको अस्तित्व रहने गरि अन्य संस्थामा गाभ्ने/गाभिने वा प्राप्ति गर्न सुझाव दिनुभयो । साथै, जगेडा कोषको अंश शेयर पूँजीको ६५ देखी ७५ प्रतिशत सम्म हुँदा संस्था बलियो हुने हुँदा त्यस्तो कोष बढाउन सुझाव दिनुभयो र संस्थाको प्रगतीको कामना प्रकट गर्नुभयो ।

८.७ शेयरधनी श्री अमिर दास रञ्जितले ६.५ प्रतिशत नगद लाभांश प्रस्ताव गर्नुभएकोमा धन्यवाद दिनुभयो । लाभांश प्रस्ताव गर्दा अघिल्ला आर्थिक बर्षहरु भन्दा नघट्ने किसिमले प्रदान गर्न Consistent & Progressive Dividend Policy अपनाउन अनुरोध गर्नुभयो । साधारण सभा पौष मसान्तमा गर्नुभन्दा अलि चाडै गर्न अनुरोध गर्नुभयो । संस्थाको आम्दानीमा आएको गिरावटलाई व्यवस्थापनले आवश्यक रणनीतिहरु लिई सुधार गरि बढि भन्दा बढि प्रतिफल सुनिश्चित गर्नु ध्यान दिनुपर्ने सुझाव दिनुभयो । यस आर्थिक बर्षको प्रथम त्रैमासमा प्रतिशेयर आम्दानी घटेर ५.०१ प्रतिशत मात्रै भएकोमा चिन्ता व्यक्त गर्दै तत्काल सुधारात्मक कदम चाल्नको लागि अनुरोध गर्नुभयो ।

८.८ शेयरधनी श्री भेषराज भण्डारीले बार्षिक साधारण सभामा उपस्थित सबैमा अभिवादन ब्यक्त गर्नुभयो । नगद लाभांशको लागि धन्यवाद प्रदान गर्नुभयो र आगामी बर्षमा अझ बढ्ने अपेक्षा गर्नुभयो । साधारण सभाको सफलताको शुभकामना ब्यक्त गर्नुभयो । निष्कृय कर्जा असुलीमा बिषेश ध्यान दिदै संस्थागत सुशासनमा संस्था अब्वल बनोस भनि शुभकामना प्रकट गर्नुभयो ।

First Microfinance

९. सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको जवाफ :

साधारण सभामा सहभागी शेयरधनीहरुबाट लिखित रुपमा जिज्ञासा एवं सुझाव प्राप्त भएको र लिखित जिज्ञासा, टिप्पणी तथा सुझावहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले स्पष्ट पार्दै प्रतिउत्तर दिनुभयो ।

अध्यक्षज्यूले सबै वक्ता शेयरधनीहरुको सुझावलाई सकारात्मक तथा स्वागतयोग्य रुपमा लिईएको, वक्ता शेयरधनीहरुवाट आएको सुझावहरुलाई आगामी योजनामा समेटने ब्यहोरा जानकारी गराउनुभयो । संस्थाको ब्यवसाय विस्तार तथा लगानीको सम्वन्धमा सञ्चालक समितिवाट नियमित समीक्षा गरि संस्थाको आकार तथा नाफालाई बृद्धि गर्ने गरि ब्यवस्थापनलाई निर्देशन दिदै आवश्यकता अनुसार रणनीतिक योजनाहरु बनाउने र त्यसलाई परिस्थिति अनुसार परिमार्जन गर्ने गरि सञ्चालक समितिमा समीक्षा गर्ने गरिएको ब्यहोरा जानकारी गराउनुभयो । हाल यस संस्थाको निष्कृय कर्जाको ब्यवस्थापन चासोको बिषय रहेको र यस बिषयमा सञ्चालक समितिको बैठकहरुमा नियमित रुपमा छलफल हुने र खराव ऋण असुलीको लागी कानुनी प्रकृयामा गएको समेत जानकारी गराउनुभयो । थोक लघुवित्त कारोवारमा आएको संकुचन, ब्यापार विस्तार तथा नाफामा भएको गिरावटलाई सम्बोधन गर्नको लागि ठोस रणनीति लिई संस्थाले आगामी दिनमा उपयुक्त संस्थासँग गाभ्ने गाभिने विकल्पका साथै खर्च कटौतीका लगायतका विकल्पहरुमा अध्ययन गरि संस्थाको हितमा हुने गरि आवश्यक रणनीति लिईने समेत उहाँले जानकारी गराउनुभयो ।

उहाँले वक्ता शेयरधनी महानुभावहरुबाट प्राप्त सकारात्मक प्रतिक्रिया तथा टिप्पणीका लागि हार्दिक धन्यवाद ज्ञापन गर्दै छलफलका क्रममा वक्ताहरुवाट राखिएका मन्तव्य आगामी दिनमा कार्यान्वयन गर्नको लागि सुझावको रुपमा प्राप्त हुन आएकाले उल्लेखित सुझावहरुलाई मनन् गर्दै यथासम्भव क्रमशः कार्यान्वयन गर्दै लगिने प्रतिवद्धता अध्यक्षज्युले सभा समक्ष व्यक्त गर्नुभयो ।

अन्त्यमा सक्रियतापूर्वक छलफलमा सहभागी भई आफ्ना बिचारहरु राखी रचनात्मक सुझावहरु प्रदान गर्नु भएकोमा सबै वक्ता शेयरधनीहरुलाई अध्यक्षज्यूले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो । तत्पश्चात साधारणसभामा प्रस्तुत हुने निम्नानुसार प्रस्तावहरु पारित गर्न अनुरोध गर्दै अध्यक्षज्यूको आज्ञा अनुसार कम्पनी सचिवले निम्नानुसार प्रस्तावहरु निर्णयार्थ सभा समक्ष प्रस्तुत गर्नुभयो ।

१०. सभाको निर्णयहरु:

(क) सामान्य प्रस्ताव तर्फ

१) आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

**प्रस्ताव नं. १ को विषयमा छलफल हुँदा सञ्चालक समितिको तर्फबाट सोह्रौं वार्षिक साधारण सभामा प्रस्तुत भएको आ.व. २०८१/८२ को सञ्चालक समितिको प्रतिवेदन छलफल पश्चात् पारित गर्न निर्णयार्थ सभामा प्रस्तुत हुँदा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गर्ने निर्णय भयो ।**

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण (वासलात) तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८१/८२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने ।

**प्रस्ताव नं. २ को सम्बन्धमा छलफल हुँदा लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण (वासलात) तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८१/८२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु पारित गरियोस् भनी सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाले सर्वसम्मतिबाट उक्त प्रस्ताव पारित गर्ने निर्णय भयो ।**

First Microfinance

३) सञ्चालक समितिवाट प्रस्ताव गरिएको यस संस्थाको चुक्ता पूँजीको ६.५० प्रतिशतले हुने नगद लाभांश (लाभांशमा लाग्ने कर सहित) रु. ८,७४,१६,६३६ (अक्षरेपि आठ करोड चौहत्तर लाख सोऱ्ह हजार छ सय छत्तिस मात्र) पारित गर्ने ।

**प्रस्ताव नं. ३ को विषयमा छलफल हुँदा यस लघुवित्त वित्तिय संस्थाको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०८१/८२ सम्मको वितरणयोग्य नाफाबाट साधारण सभा प्रयोजनका लागि शेयर दर्ता किताव वन्द भएको मितिमा कायम रहेका शेयरधनीहरुलाई यस संस्थाको चुक्ता पूँजी रु १,३४,४८,७१,३२३।- को ६.५० प्रतिशतले हुने नगद लाभांश (लाभांशमा लाग्ने कर सहित) रु. ८,७४,१६,६३६।- (अक्षरेपि आठ करोड चौहत्तर लाख सोऱ्ह हजार छ सय छत्तिस मात्र) पारित गर्ने भनी सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाबाट उक्त प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय भयो ।**

४) कम्पनीको आर्थिक वर्ष २०८२/८३ को लेखापरीक्षण कार्यका लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**प्रस्ताव नं. ४ को विषयमा छलफल हुँदा कम्पनी ऐन, २०६३ को दफा १११ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को व्यवस्था अनुसार लेखापरीक्षण समितिले ३ वटा लेखापरीक्षण फर्महरु बि.आर. पाण्डे एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस्, आर. सापकोटा एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस् तथा, एस.आर. पाण्डे एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्टस्लाई सिफारिस गरेकोमा आर्थिक वर्ष २०८२/८३ को लेखापरीक्षण गर्न लेखापरीक्षक एस.आर. पाण्डे एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्टस्लाई मुल्य अभिवृद्धि कर सहित रु. ५,६५,०००।- (अक्षरेपि पाँच लाख पैसठ्ठी हजार मात्र) भुक्तानी दिने गरी अन्तिम लेखापरीक्षण गर्न नेपाल राष्ट्र बैंकले तोकेको ढाँचामा नेपाल वित्तीय प्रतिवेदनमान बमोजिमको लेखापरिक्षण प्रतिवेदन, कर लेखापरीक्षण, AML/CFT सम्परीक्षण, ECL पुनरावलोकन लगायत, लङ्गफर्म अडिट रिपोर्ट, लगायतका बार्षिक रुपमा अन्तिम लेखापरीक्षकले सम्पादन गर्ने कार्यहरुको लागि एकमुष्ठ पारिश्रमिक प्रदान गर्ने सर्वसम्मतिबाट स्वीकृत भयो ।**

५) सर्वसाधारण शेयरधनी (समुह 'ख') को तर्फवाट १ जना सञ्चालकको निर्वाचन गर्ने ।

**प्रस्ताव नं. ५ को सर्वसाधारण शेयरधनी (समूह 'ख') का तर्फबाट १ जना सञ्चालकको निर्वाचन सञ्चालन गर्न "फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लि. ज्ञानेश्वर, काठमाण्डौको निर्वाचन निर्देशिका, २०६९" बमोजिम मिति २०८२ पौष ७ गते बसेको सञ्चालक समितिको बैठकबाट नियुक्त हुनुभएका निर्वाचन अधिकृत बरिष्ठ अधिवक्ता श्री रामचन्द्र सुवेदीलाई निर्वाचित सञ्चालकको निर्वाचन गर्ने तथा परिणाम घोषणा गर्न अध्यक्षज्यूको आज्ञाले कम्पनी सचिवले समय प्रदान गर्नुभयो । निर्वाचन अधिकृत श्री रामचन्द्र सुवेदीज्यूले निर्वाचन अधिकृत कार्यालयको कार्यक्रम अनुसार १ जना सञ्चालकको आवश्यक पदमा गाऊ ४ अछाम स्थायी ठेगाना भई हाल का.म.न.पा. ३ काठमाण्डौ बस्ने बर्ष ३५ का श्री राजेन्द्र खड्काको मात्र मनोनयन पत्र दर्ता भएको वहाँलाई सर्वसाधारण शेयरधनी (समूह 'ख') का तर्फबाट आगामी १ कार्यकाल (४ बर्ष) का लागि संचालक पदमा निर्विरोध निर्वाचित भएको घोषणा गर्नुभयो ।**

ख) <u>विविध</u>

६) संचालकको नियुक्ति अनुमोदन सम्वन्धमा ।

**प्रस्ताव नं. ६ को विविध प्रस्तावको सम्वन्धमा यस लघुवित्त वित्तीय संस्थाको संचालक समितिको मिति २०८२।०८।२६ गते बसेको २४५ औं बैठकको निर्णयबाट आईसिएफसी फाइनान्सबाट प्रतिनिधित्व गर्नु हुने श्री लक्ष्मण प्रसाद जैसीको सट्टामा श्री संजय थपलियाज्यूलाई, बाँकी कार्यकालको लागि नियुक्त गरिएकोमा अनुमोदन गर्ने निर्णय भयो ।**

First Microfinance

## ११. धन्यवाद ज्ञापन तथा सभा विसर्जनः

यस साधारण सभामा अन्य छलफलका विषयहरु नभएकोले कम्पनी सचिवज्यूले सभाको विसर्जन गर्न अध्यक्षज्यूलाई अनुरोध गर्नुभयो । अध्यक्षज्यूवाट प्राप्त सभा विसर्जन गर्ने आज्ञा अनुसार सभामा कम्पनी सचिवले उपस्थित शेयरधनी महानुभावहरु, शेयरधनीका प्रतिनिधीहरु, शेयर रजिष्ट्रार, लेखापरीक्षक, आमन्त्रित अतिथीहरु, कर्मचारी साथीहरु साथै प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्थाको सोह्रौं वार्षिक साधारण सभा सफल बनाउन सहयोग गर्नुहुने सबैलाई धन्यवाद दिनुभयो र बार्षिक साधारण सभा सम्पन्न भएको घोषणा गर्नुभयो ।

बिजय शर्मा
कम्पनी सचिव

राजा अर्याल
अध्यक्ष